JOINT PRESS STATEMENT

National Human Rights Commission, Nepal

UNITED NATIONS HUMAN RIGHTS OFFICE OF THE HIGH COMMISSIONER

सोमबार, २०६८ भदौ १२

***बलपूर्वक बेपत्ता पार्ने कार्यसम्बन्धी कानुन जारी गरः राष्ट्रिय मानवअधिकार आयोग, मानवअधिकार उच्चायुक्तको कार्यालय***

काठमाडौं– "नेपालमा एक दशक लामो द्वन्द्वका अवधिमा गरिएका बलपूर्वक बेपत्ता पार्ने कार्यका मुद्दासमेत गम्भीर मानवअधिकार उल्लङ्घनका लागि जवाफदेहीता कायम गर्नुपर्ने जरुरी र वास्तविक आवश्यकता रहेको छ", राष्ट्रिय मानवअधिकार आयोग (आयोग) नेपाल र नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार कार्यालयद्वारा जारी गरिएको संयुक्त प्रेस वक्तव्यमा भनिएको छ।

अगस्ट ३० लाई बेपत्ता पारिएकाहरूको अन्तर्राष्ट्रिय दिवसका रूपमा विश्वभरि स्मरण गरिन्छ। सशस्त्र द्वन्द्वको अवधिमा नेपालमा हजारौं मानिसहरू बेपत्ता पारिएका थिए। आयोगको पछिल्लो तथ्याङ्कअनुसार ८३५ जनालाई कहाँ राखिएको छ भन्ने कुरा अझै थाहा भएको छैन। तिनका परिवार र मित्रहरू अझै पनि तिनलाई के भयो भनेर जान्न पाइन्छ भन्ने आशाका साथ पर्खिरहेका छन्।

वि.सं. २०६३ मङ्सिरमा हस्ताक्षर गरिएको विस्तृत शान्ति सम्झौताले बेपत्ता पारिएकाहरूको स्थिति ६० दिनभित्र सार्वजनिक गर्ने व्यवस्था गरेको छ। त्यसयता, विभिन्न सरकारहरूले बेलाबेलामा बेपत्ता पारिएकाहरूको स्थिति स्पष्ट पार्ने प्रतिबद्धता व्यक्त गरेका छन्। त्यसबाहेक, २०६४ जेठ १७ गतेको सर्वोच्च अदालतको निर्णयले सरकारलाई बलपूर्वक बेपत्ता पार्ने कार्यलाई अपराधीकरण गर्न तथा बलपूर्वक बेपत्ता पार्ने कार्यबाट सबै व्यक्तिको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिअनुरूप बेपत्ता पार्ने कार्यसम्बन्धी स्वतन्त्र उच्चस्तरीय जाँचबुझ आयोग स्थापना गर्न आदेश दिएको छ।

न्यायलाई सुनिश्चित गर्न द्वन्द्वकालमा भएका मानवअधिकार उल्लङ्घन तथा दुर्व्यवहारको अनुसन्धान गर्नुका साथै पीडकहरूविरुद्ध कारबाही गरिनुपर्छ। त्यसबाहेक, सङ्क्रमणकालीन न्याय संयन्त्रहरूले पीडितका परिवारहरूले सत्य थाहा पाउने, उनीहरूलाई राहत, पुनर्स्थापना, क्षतिपूर्ति तथा परिपूरण उपलब्ध गर्ने कुराको सुनिश्चित गर्नैपर्छ।

बृहत शान्ति सम्झौता भएको लगभग पाँच वर्षपछि अहिले आयोग तथा संयुक्त राष्ट्रसङ्घले बेपत्ता पारिएका व्यक्तिहरू कहाँ छन् भन्ने कुरा सार्वजनिक गर्नेतर्फ सन्तोषजनक पहलहरू लिन नसकेकोमा चिन्ता व्यक्त गरेका छन्। त्यस्तै, उनीहरूले बेपत्ता पार्ने कार्यका पीडकहरूलाई कानुनी कारबाही गरियोस् भनी आयोग तथा उच्चायुक्तको कार्यालयले गरेका सिफारिसहरू कार्यान्वयन गर्न नसकेकोमा पनि चिन्ता व्यक्त गरेका छन्।

यसले दण्डहीनताको भयावह स्थिति सिर्जना गरेको छ। बेपत्ता पारिएकाहरूको अन्तर्राष्ट्रिय दिवसका अवसरमा, आयोग र संयुक्त राष्ट्रसङ्घ देहायका कुरामा नेपाल सरकारको ध्यानाकर्षण गर्न चाहन्छन्ः

- सशस्त्र द्वन्द्वको क्रममा बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको अवस्था तत्काल सार्वजनिक गर्न,
- तत्काल बलपूर्वक बेपत्ता पार्ने कार्यलाई फौजदारी कसुर घोषणा गर्न तथा अन्तर्राष्ट्रिय मापदण्ड बमोजिम कानुन तर्जुमा गर्न,
- बलपूर्वक बेपत्ता पार्ने कार्यबाट सबै व्यक्तिहरूको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिलाई अनुमोदन गर्न,
- बलपूर्वक बेपत्ता पारिएका घटनाहरूको छानबिन गर्न स्वतन्त्र आयोगको गठन गर्न,
- बेपत्ता पार्ने कार्य गरेको भनिएका व्यक्तिहरूलाई अनुसन्धानका क्रममा तिनको कार्यालयबाट निलम्बन गरिने कुरा
- सुनिश्चित गर्न,
- सर्वोच्च अदालतको फैसला र राष्ट्रिय मानवअधिकार आयोगका सिफारिसहरू तत्काल कार्यान्वयन गर्न।


National Human Rights Commission, Nepal
Tel: +977 1 5010015, 16, 17, 18
Fax: + 977 1 5547973
Website: www.nhrcnepal.org
For further information, contact
Bhanubhakta Acharya
Email:bhanubhakta.acharya@nhrcnepal.org
Mobile: 9741084725

Office of the High Commissioner for Human Rights
Tel.: + 977 1 4280164
Fax: + 977 1 467 0712
Website: http://nepal.ohchr.org
For further information, contact
Chun Gurung
Ext. : 320
Email: cgurung@ohchr.org
Mobile: 98510 16937

| | | |
|---|---|---|
| National Human Rights Commission, Nepal | Tel: +977 1 5010015, 16, 17, 18<br>Fax: + 977 1 5547973<br>Website: www.nhrcnepal.org | For further information, contact<br>Bhanubhakta Acharya<br>Email:bhanubhakta.acharya@nhrcnepal.org<br>Mobile: 9741084725 |
| Office of the High Commissioner for Human Rights | Tel.: + 977 1 4280164<br>Fax: + 977 1 467 0712<br>Website: http://nepal.ohchr.org | For further information, contact<br>Chun Gurung<br>Ext. : 320<br>Email: cgurung@ohchr.org<br>Mobile: 98510 16937 |